कार्यपालिका बैठक संख्या नं.३४ स्थानः नगरपालिका भवन मितिः २०८१/०४/२३

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. कानून निर्माण तथा स्वीकृत सम्बन्धमा ।
३. अख्तियारी सम्बन्धमा ।
४. घर जग्गा अभिलेखिकरण सम्बन्धमा ।
५. नदीजन्य पदार्थको आय ठेक्का प्रकाशन सम्बन्धमा ।
६. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव कार्यान्वयन सम्बन्धमा ।
७. अनुगमन प्रतिवेदन सम्बन्धमा ।
८. एम्बुलेन्स तथा शववाहान माग सम्बन्धमा ।
९. नगर बस, ब्याक हो लोडर तथा टिप्पर खरिद गर्ने सम्बन्धमा ।
१०. वार्षिक समीक्षा सम्बन्धमा ।
११. समाज जागरण केन्द्र(स्याक) नेपाललाई कार्यक्रम संचालनको अनुमति सम्बन्धमा ।
१२. कर्मचारी भर्ना सम्बन्धमा ।
१३. गौशाला व्यवस्थापन सम्बन्धमा ।
१४. जग्गा तथा घरभाडा सम्बन्धमा ।

**निर्णय नं.१**

शारद नगर कार्यपालिकाको यस पूर्वका बैठकहरुमा गरेका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं.२**

कार्यपालिकाको विभिन्न बैठकबाट राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाइएका तपसीलमा उल्लेखित कानूनहरु प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो ।

१. शारदा नगरपालिका सार्वजनिक खरिद नियमावली, २०८१
२. शारदा नगरपालिका अटो तथा विद्युतीय रिक्सा व्यवस्थापन कार्यविधि,२०८१
३. शारदा नगरपालिका विपद् राहत वितरण मापदण्ड, २०८१

तपसिलमा उल्लेखित कानून अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधयेक समितिमा छलफलका लागि पठाउने निर्णय गरियो।

१. सुरक्षित खानेपानीयूक्त समुदाय घोषणा निर्देशिका, २०८१
२. उपप्रमुख कोशेली कार्यक्रम संचालन कार्यविधि, २०८१
३. कर्मचारी कल्याण कोष संचालन कार्यविधि, २०८१
४. महिला सामुदायिक  स्वास्थ्य स्वंयमसेविका व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१
५. आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि, २०८१
६. विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि,२०८१
७. व्यक्तिगत सरसफाई तथा हात स्वच्छता सम्बन्धी कार्यविधि,२०८१
८. खुल्ला दिसामुक्त अवस्थाको दिगोपन सम्बन्धी कार्यविधि, २०८१

**निर्णय नं.३**

विश्व बैङ्कको आर्थिक सहयोग तथा नेपाल सरकार र प्रदेश सरकारको सहकार्यमा सञ्चालन हुन गैरहेको बृहत खानेपानीको लागि नेपाल सरकार, प्रदेश सरकार  तथा यस नगरपालिले सहयोग गर्ने रकाम एकीकृत रुपमा एउटै खातामा जम्मा गरी काम कारबाही अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुखबाट आफुलाई प्राप्त अख्तियारी आयोजना व्यवस्थापनका नाममा अख्तियारी दिने र यस उप्रान्त को आयोजनाको कुनै काम कारबाहीमा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी तथा दायित्व नरहने निर्णय गरियो ।

**निर्णय नं.४**

शारदा नगरपालिकामा पूर्व निर्मित हालसम्म नक्सा पास नभएका सार्वजनिका  जग्गा, नदी, खोला, कुलो, सडक मापदण्ड, राजमार्गको अधिकार क्षेत्रभित्र पर्ने बाहेकका भवनहरुको नक्सा अभिलेखिकरण गर्न **घर नक्सा  अभिलेखीकरण गर्ने कार्यविधि, २०७७** अनुसार तपसिल बमोजिमका कागजातहरु पुरा गरी सूचना प्रकाशनको मिति देखि ६० दिन भित्र निवेदन पेश गर्न सर्वसाधारणको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**तपसीलः**

१. निवेदन
२. जग्गाधनीको नागरिकताको प्रतिलिपि
३. जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि(लालपूर्जा)
४. प्रमाणित सक्कल नापी नक्सा/ब्लू प्रिन्ट नक्सा
५. चालु आ.व.जग्गाको मालपोत, घर जग्गा कर तिरेको रसिद प्रतिलिपि
६. चारकिल्लाको सक्कल प्रतिलिपि
७. वडा कार्यालयको जनप्रतिनिधिको रोहवरमा फिल्ड निर्धारण गरि पठाएको सर्जमिन मुचुल्का
८. नगरपालिकामा सूचीकृत ईन्जिनियरबाट तयार पारेको नक्सा २ प्रति

९. जग्गाधनीको पासपोर्ट साईजको फोटो ३ प्रति
१०.पुरै मोहडा र तला स्पष्ट देखिने घरको रंगिन फोटो
११.घरधनीले नगरपालिका समक्ष गरेको कबुलियतनामा

**निर्णय नं.५**

हरेक वर्ष झै आगामि असोज १ गतेबाट प्रचलित कानून बमोजिम उत्खनन् हुने नदीजन्य पदार्थको ठेक्का प्रचलित कानून र IEE प्रतिवेदनको अधिनमा रही तपसीलका उत्खनन् घाटहरुको एकमुष्ट रुपमा आय ठेक्का लगाउन राजश्व अनुमान स्वीकृत गरी सूचना प्रकाशन गर्ने निर्णय गरीयो।

**तपसील:**

कर्णाली प्रदेश सरकार आर्थिक ऐन, २०८१ को दफा ११ अनुसूची ७ बमोजिम नदीजन्य पदार्थको नगरपालिकालाई बुझाउनु पर्ने राजश्व तथा वातावरणीय शुल्क प्रति घन फिट देहाय बमोजिम कायम गरिएको छ।

| नदिजन्य पदार्थ | रोयल्टी | अग्रिम आयकर | मु.अ.कर सकम | कुल जम्मा |
|---|---|---|---|---|
| ढुङ्गा, गिट्टि र बालुवा | ५ | ०/०७५ | ०/६५ | ५/७२५ |
| माटो | १ | ०/०१५ | ०/१३ | १/१४२ |

**IEE प्रतिवेदन २०८० बमोजिम उत्खनन् गर्न सकिने परिमाण र सो बमोजिम हुने कुल अमाणित आम्दानी रकम**

| क्र.स. | खोलाको नाम | उत्खनन् परिणाम(घनफिट) | शुल्क | जम्मा लागत रकम |
|---|---|---|---|---|
| १ | शारदा खोला | २,१४,००० घनफिट | ५ | १०,७०,०००/०० |
| २ | मार्के बागचौर | १,३५,००० घनफिट | ५ | ६,७५,०००/०० |
| जम्मा | | ३,४९,००० घनफिट | ५ | १७,४५,०००/०० |
| अग्रीम आयकर | | | | २६,१७५/०० |
| मूल्य अभिवृद्धि कर | | | | २,२६,८५०/०० |
| कूल अनुमानित आम्दानी रकम | | | | १९,९८,०२५/०० |

**निर्णय नं.६**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न समयमा यस नगरपालिकालाई प्राप्त उजुरी सम्बन्धीपत्रहरुको बारेमा बैठकमा छलफल भई यसको प्रभावकारी कार्यान्वयन गर्न प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो।

**निर्णय नं.७**

शारदा नगरपालिकाका उपप्रमुख सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको २०८१ असार ६ गते देखि असार मसान्तसम्मको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.८**

यस नगरपालिकाको जनसंख्या र भुगोललाई मध्यनजर गरी आवश्यक पर्ने एम्बुलेन्स सेवा दिन एक एम्बुलेन्स र अस्पतालमा मृत्यु भएका तथा बेवारिसे रुपमा भेटिएका लासहरुलाई व्यवस्थापन गर्न एक शवबाहन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत भारतीय राजदुतावासमा माग गर्ने निर्णय गरियो।

**निर्णय नं.९**

आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेटबाट यस नगरपालिकामा सुलभ नगर बस सेवा सञ्चालन गर्न आवश्यक संख्यामा सवारी साधन तथा विकास निर्माण कार्यलाई गति प्रदान गर्न एक डोजर र एक टिप्पर खरिद गर्ने प्रकिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.१०**

यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बार्षिक समीक्षा २०८१ भाद्र १३ र १४ गते जिल्ला समन्वय समितिको सभाहलमा गर्ने निर्णय गरियो।

**निर्णय नं.११**

समाज जागरण केन्द्र(स्याक) नेपालको मिति २०८१/०३/०२ गतेको पत्र बमोजिम यस नगरपालिकाको नगर शिक्षा योजना निर्माण तथा शिक्षासंग सम्बन्धीत अन्य कार्य गर्न अनुमति प्रदान दिने निर्णय गरियो।

**निर्णय नं.१२**

यस नगरपालिकालाई आवश्यक पर्ने तपसिलका कर्माचारी भर्नाका लागि प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत लाई निर्देशन दिने निर्णय गरियो।

| सि.नं. | पद | करार प्रकृति | तलब सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | मेकानिकल सव-ईन्जिनियर | मासिक तलब पाउने गरी | सहायक पाँचौ सरह | |
| २ | इलेक्ट्रेसियन | बार्षिक करार सम्झौता | ९० हजार बार्षिक | |
| ३ | पलम्बर | बार्षिक करार सम्झौता | ९० हजार बार्षिक | |
| ४ | ट्रयाक्टर चालक | मासिक तलब पाउने गरी | अन्य हलुका सवारी चालक सरह | |
| ५ | खेलकुद शिक्षक | मासिक तलब पाउने गरी | प्राथमिक तह शिक्षक सरह | |

साथै विज्ञापन भई करार नियुक्ति प्राप्त पशु चिकित्सक तथा विज्ञापन भएको विद्यालय नर्स सम्बन्धी प्रकृयालाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.१३**

आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेटबाट गौशाला व्यवस्थापन शीर्षकमा विनियोजित बजेटबाट यस नगरपालिका मातहत वार्ड नं ११ खैरावाङ्गमा सञ्चालित गौशालामा कार्यरत गोठाला तथा पशु चौपायालाई आवश्यक घाँस, पराल र दाना व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.१४**

आर्थिक वर्ष २०८१/०८२ का लागि यस नगरपालिका भित्र चल्ने साना सवारी साधन तथा अटो रिक्साको पार्किङ्ग व्यवस्थापन गर्न भाडामा लिइएका जग्गा तथा नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य नसकिएकोले कार्यालय प्रयोजनका लागि भाडामा लिइएका घरहरु, शहरी स्वास्थ्य केन्द्र, औषधी गोदाम, गाउँघर क्लिनिक तथा खोपकेन्द्रका लागि भाडामा लिइएका घरहरुलाई पुनः भाडामा लिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।